अपुरो राष्ट्रियता

-अनुकूलप्रकाश

सरकार !

मबुधनराम -एक मधेसी

झण्डै ढाईशताब्दीदेखी

तिम्रो राष्ट्रियतामाअट्न सकिरहेको छैन

यातिमीले नै अट्न दिइरहेका छैनौ ?

योजनाबद्ध ।

हमार बिटुवा ,

काठमाण्डौंआएर

कुछगर्न चाहन्थ्यो

ऋतिक रोशनकाण्डमा

अपाहिज भैगयो

कारण - तपाइँको राष्ट्रियतामा

ऊ'कालिवाज, लवजऔर रंग नै'था ॥

सरकार !

जवजव

कुछघटनाहुन्छ सीमापार- नेपालीको खिलाफ,

दिलहामीपनिदुखाउँछु

यीस देशको सीमाबचाउखातिर

हाम्रो पूर्वजको खून बगेकोछ

उन्नतीकाखातिर पसिना बगेकोछ

अरु के कुरा गर्नुछ सरकार?

इराकमाघटनाघट्छ

मधेशमामुस्लिमहरु त्राही-त्राहीहुन्छन्

खेल नै सही

नेपालविरुद्धभारत जित्छ त

धोतीचोर ! धोतीचोर !!

देश कसरी बिर्सन सक्छ ?

धोतीपनि यो देशको शानहो

इज्जतहो -पहिचानहो

पहाडको चोटीबाटपत्थर खसाउँदा

सीमामागिर्दैन

उ'वीचमा तराइ छ -मधेश छ

याद राखिलिनुस् ॥

सरकार !

भूगोल मात्रहो कि

जनतापनिहो देश?

के यो प्रश्नको जवाफ छ तपाइँसँग?

जवपहाडउक्लदै जान्छु

गौंडागौंडामा नेपालीहुनुको

प्रमाण पेश गर्नुपर्छ

माईवाप !

तपाइँले कस्तो राष्ट्रियताको पाठ पढाएछ ?

यीपहाडहरुलाई ....

कि तराइलाई आजसम्मचिन्दैनन्

नेपालकहाँतक छ ?

हाँ सरकार , बताउनुस् मलाई

मधेश यीसभितरपर्छ किनाइँ ?

अगर पर्छ त ....

मेरो पेहनवा

लवज

कालो रंग

देशको छैन के ?

किनवारी-वारी परीक्षालिन्छस्?

मौन हुनु

कमजोर हुनु हैन

बोल्दै नबोल्नु

आवाजबिहीनहुनु हैन

यो चाहिँपक्कै हो

किआफ्नो धोतीउतारेर

तपाइँको टोपीजोगाइराख्ननसक्ने भएँ ॥

सरकार !

मदिनसक्छु तपाइँलाई

आप्नाजमिनदानमा

तर यो जमिरको क्यागरुँ?

सालामलाई सुन्दै सुन्दैन ॥

चितवन , नेपाल

सम्पर्क : ९८४५१३९१५२